संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-२८

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ४:३५ बजे*
*बैठक स्थगित :४:५९ बजे*

२०८० असार २८ गते, बिहीबार (दोश्रो)

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको अठ्ठाइसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ४:३५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावलीको नियम २३२ को उपनियम (१) बमोजिम नियम निलम्बन सम्बन्धी प्रस्ताव प्रस्तुत गर्न माननीय **अनिता देवकोटा**लाई समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले नियम निलम्बन सम्बन्धी प्रस्तावका समर्थकहरू माननीय **गोपी बहादुर सार्की आछामी र माननीय मदन कुमारी शाह (गरिमा)** लाई उक्त प्रस्तावको समर्थन गर्न क्रमशः समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यहरूले उक्त प्रस्तावको क्रमशः समर्थन गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अनिता देवकोटाले प्रस्ताव गर्नु भएको राष्ट्रिय सभा नियमावली, २०७५ नियम १३२ को उपनियम (४) को व्यवस्था निलम्वन गर्ने सम्बन्धी प्रस्तावलाई निणयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभा समक्ष प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्ताव माथिको छलफल प्रारम्भ भएको र यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्नुहुँदा कुनैपनि माननीय सदस्यहरूले भाग लिनुभएन।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**ले प्रस्तुत गर्नुभएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट बहुमतले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्तावलाई सभासमक्ष प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्ताव माथिको छलफल प्रारम्भ भएको र यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनु

हुने माननीय सदस्यहरुले आ-आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्नुहुँदा देहायबमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो:

१. मा. जितेन्द्र नारायण देव
२. मा. देवेन्द्र दाहाल
३. मा. भैरव सुन्दर श्रेष्ठ

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय अर्थमन्त्रीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **आर्थिक विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक**, २०८० माथि सुझाव पेस गर्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम राष्ट्रिय सभा तर्फको विधेयक शाखामा सुझावको सूचना पेस गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल**लाई **"विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्तावलाई सभा समक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्ताव माथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुभयो। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुले आ-आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्नुहुँदा देहायबमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो:

१. मा. भगवती न्यौपाने
२. मा. तुलसा कुमारी दाहाल
३. मा. विमला घिमिरे
४. मा. जितेन्द्र नारायण देव

तदुपरान्त, सम्माननीय अध्यक्षले **"विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्"** भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त भएको जानकारी गराउनुहुँदै माननीय मन्त्रीलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुभयो। त्यसपछि, माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० असार २९ गते ११ बजेर १६ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव